## भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ५ भागेश्वर, आषाढ ११ गते, २०७८ साल (संख्या ७)


## भाग-२

## कृषी तथा पशु सेवा विकास कार्यक्रम संचालन कार्यविधि, २०७८

गाउँसभाबाट स्वीकृत मिति : २०७८।०३।१०

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७८।०३।११

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) मा रहेको व्यवस्था अनुरुप कृषि, पशुस्वास्थ्य तथा पशुसेवा विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वय गर्न गाउँसभाबाट यो कार्यविधि बनाइएको छ ।

परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम भागेश्वर गाउँपालिका मा कृषि तथा पशु सेवा विकास सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि २०७८ हुनेछ ।

ख. यो कार्यविधि भागेश्वर गाउँपालिका क्षेत्रभरि लागु हुनेछ ।

ग. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**परिभाषाः बिसय बा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क. "गाउँपालिका" भन्नाले भागेश्वर गाउँपालिकालाइ सम्झनुपर्दछ ।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

ख. **"कार्यालय"** भन्नाले भागेश्वर गाउँकार्यपालिकाको कार्यालय लाइ सम्झनुपर्दछ ।

ग. **"समिति"** भन्नाले दफा ५ बमोजिम समितीलाई सम्झनुपर्दछ ।

घ. **"समुह"** भन्नाले ९ वा सोभन्दा कृषकहरु संगठित भइ साविक जिल्ला कृषिविकास कार्यालय वा जिल्ला पशुसेवा कार्यालय वा गाउँपालिका पशुसेवा शाखा वा गाउँपालिका कृषि शाखामा दर्ता भएका कृषक समुह लाइ सम्झनुपर्दछ ।

ङ. **"निजि फाम"** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै निकायमा दर्ता भएको फाम सम्झनुपर्दछ ।

च. **"कृषक"** भन्नाले भागेश्वर गाउँपालिकाका कृषक लाई सम्झनुपर्दछ ।

छ. **"शाखा"** भन्नाले पशु सेवा शाखा/गाउँपालिकाको कृषि सेवा शाखालाइ सम्झनुपर्दछ ।

दृष्टिकोण :

निर्वाहमुखि कृषि तथा पशुपन्छि पालन प्रणालीलाई व्यवसायिक एवं प्रतिशपर्धात्मक कृषि प्रणालिमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्यबाट कृषकको जिवन स्तरमा सुधार ल्याउन कृषि तथा पशुसेवा क्षेत्रको दिर्घकालिन दृष्टिकोण रहनेछ ।

## परिच्छेद २

उद्देश्यहरु :

क. कृषि उत्पादन एवं उत्पादकत्व बढाउने

ख. व्यवसायिकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने

ग. कृषिमा आधारित साना उद्योग विकास गरी रोजगारी आम्दानी वृद्धी गर्ने

घ. पशुपालन व्यवसायलाइ व्यवसायीकरण गर्नकालागी आवश्यक प्रविधि तथा सिपलाइ लक्षित बर्ग सम्म पुर्याउन सहयोग स्वरुप अनुदानलाइ व्यवस्थित गर्ने

ङ. पशुपालन व्यवसाय अन्तर्गत थप रोजगरीका अवशरहरु सिर्जना गरी आयबृद्धिका साथै जिवनस्तर सुधार गर्ने

च. पशुपन्छिमा हुने रोगहरुको निदान तथा उपचार गर्ने

छ. पशुपन्छिमा हुने संक्रामक रोगहरु फैलन नदिने

ज. स्वच्छ मासु, दुध, अण्डा आदि उत्पादनमा सहयोग गर्ने

झ. भागेश्वर गाउँपालिकाले लिएको कृषि तथा पशुपन्छि विकास कार्यक्रमहरूको विद्यमान नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

ञ. पशुपालन व्यवसायबाट उत्पादित पदार्थहरूको गुणस्तरमा सुधार गर्ने र उत्पादन लागतमा न्यूनीकरण गर्ने ।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

कार्यक्रमहरू

<table>
<tr><th>क्र सं</th><th>कार्यक्रमहरु</th><th>मापदण्ड</th><th>संचालन गर्न सकिने क्रियाकलापहरु</th><th>अनुदान सिमा रकम, प्रतिशत</th></tr>
<tr><td>१</td><td>पशुपन्छि स्वास्थ्य सेवा सञ्चालन कार्यक्रम( नियमित पशुपन्छी उपचार सेवा)</td><td>यस कार्यक्रम बाट यस गाउँपालिका क्षेत्र अन्तर्गत बसोबास गर्नेकृषकहरुका पशुपन्छीहरुको नियमित उपचार तथा परामर्श सेवा उपलब्ध गराइनेछ।</td><td>पशुसेवा शाखाले बिरामी पशुपन्छिको उपचार, परजिबि नियन्त्रण आदिसेवा सञ्चालन गर्नेछ भागेश्वर गाउँपालिका बाट पशु उपचार कक्ष डिस्प्यान्सरीसञ्चालन हुनेछ ।जसका लागि आवश्यक औषधी तथा सामाग्री खरिद गरिनेछ। उपचार कक्षबाट मेडिकल उपचार , माइनर सर्जिकल , पशु बन्ध्याकरणप्रयोशाला (गोबर तथा दुध) परिक्षण</td><td>औषधी १००% (कृषकले पशुपन्छी उपचार तथा परामर्श लिए बाफत निम्न लिखित राजश्व तिर्नु पर्नेछ। )प्रति बाख्रा-रु.५,प्रति गाईगोरु-रु. १५,प्रति भैसी-रु.२५,प्रति पन्छी प्रजाती रु.५,प्रति घोडा रु.२५,प्रति कुकुर रु.५०,प्रति सुंगुरबंगुर रु. १५,बोका खसि पार्ने शुल्क रु.२५,बहर रागो रु. १००</td></tr>
<tr><td>२</td><td>अनुदान सहकार्य तथा पशु उत्पादन कार्यक्रम<br>-व्यावसायिक फार्म सुद्रिढीकरण तथा स्थापान(बाख्रा,गाई भैसी,कुखुरा,बंगुर)</td><td>-बिगत ३ बर्ष सम्म उही प्रकृतिको लागी कुनै पनी निकाय बाट अनुदान नलिएको हुनुपर्ने।<br>-देहायका पशुबस्तुमा तपशिल बमोजिमको न्युनतम् मापदण्ड पुरा गर्ने गरी माग गर्नु पर्ने।
<table>
<tr><th>पशु बस्तु</th><th>न्युनतम् पशु संख्या</th><th>सम्पन्न पश्चात हुनुपर्ने</th></tr>
<tr><td>बाख्रा माउ</td><td>२५</td><td>४०</td></tr>
<tr><td>गाई माउ</td><td>५</td><td>१०</td></tr>
<tr><td>भैसी माउ</td><td>५</td><td>१०</td></tr>
<tr><td>माछा</td><td>१ रो.</td><td>२ रो.</td></tr>
<tr><td>बंगुर माउ</td><td>१०</td><td>१५</td></tr>
<tr><td>गाई भैसी</td><td>१०</td><td>२०</td></tr>
</table></td><td>फर्म,कम्पनीहरुले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्न सक्नेछ।<br>-खोर निर्माण,सुधार<br>-मेशिनरी औजार खरिद<br>-घाँसँ रोपण बिउ,बेर्ना खरिद<br>-नश्ल सुधार,(बोका,रागों बहर वा कृ. ग.) ढुवानि<br>-औषधी तथा खोप<br>-क्षमता अभिवृदि<br>-बिमा तथा जैविक सुरक्षा<br>-पोखरिको क्षेत्र बिस्तार,पोखरी निर्माण तथा माछा भुरा खरिद तथा वितरण गर्न सकिने।</td><td>बजेटको परिधि भित्र रही प्रति आयोजनामाः<br>-गाई,भैसीमा कम्तिमा २.५ लाख सम्म<br>-बंगुर बाख्रा,माछामा कम्तिमा १-१.५ लाख सम्म<br>(किसानको ५०% लागत साझेदारी हुनु पर्ने।)<br>-माछा भुरामा ५०%</td></tr>
<tr><td>३</td><td>पशु सेवा नविनतम् प्रविधि विस्तार अवलोकन भ्रमण तथा तालिम गोष्ठी कार्यक्रम</td><td>-अध्ययन अवलोकन मा यस पालिका भित्रका कार्यक्रम तथा बजेट निर्माणमा संलग्न जनप्रतिनिधी,कर्मचारी,तथा किसान लाई सहभागी गराईनेछ।<br>-तालिम तथा गोष्ठीमा आबश्यक समुहका किसान,व्यवसायिक किसान हरुलाई समय/समयमा किसान छनौटगरिने।</td><td>किसान हरुको क्षमता विकास हुने,प्रविधी विस्तार हुनेपशु सेवा प्रविधि तथा तालिम कार्यक्रम अन्तर्गत पशुपन्छी पालक , कृषक, उधमी, सहकारी समुहहरुलाई निजको आवश्यकता र माग बमोजिमका तालिम तथास्थलगत अवलोकन भ्रमण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>-अन्तरदेशिय कृषी तथा पशु सम्बन्धी नविनतम् प्रविधी बिस्तार अध्ययन अवलोकन भ्रमण गर्न सकिने।<br>-पालिका भित्र स्थल गत तालिम संचालन गर्न सकिने।<br>- किसान हरुलाई जिल्ला भित्र अध्ययन,अवलोकन,भ्रमण गर्न सकिने।</td><td>स्विकृत बजेटको परिधी भित्र कार्ययोजना तयार पारी खर्च गर्न सकिनेछ।</td></tr>
<tr><td>४</td><td>पशु स्वास्थ्य शिविर संचालन कार्यक्रम</td><td>स्थानिय तहको पशुपन्छी पालन बढी भएको क्षेत्रमा सेवा प्रवाह हुनेछ।<br>प्रति सिविरमा कम्तिमा ४० — ५० घरधुरी लाभांबित हुनुपर्ने<br>सेवा पहुचँ बाट बन्चित समुदायमा संचालन गरिने।</td><td>शाखाले आवश्यकता र औचित्य अनुसारको विशेषज्ञ टोली लगायत औषधि, भ्याक्सीन, पशु बन्ध्याकरण तथा आन्तरीक तथा बाह्य परिजिवि नियन्त्रणका लागि औषधिवितरण तथा अन्य सामग्रीको व्यवस्थापन गर्नेछ ।</td><td>स्विकृत बजेटको परिधी भित्र कार्ययोजना तयार पारी कार्यक्रम संचालन गर्न सकिनेछ।</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५ | नश्ल सुधार कार्यक्रम | पशु नश्ल सुधारकार्यक्रम अन्तर्गत गाई/भैसी र बाख्रामा नियमित कृतिम गर्भाधान सेवा उपलब्धगराउनका लागि आवश्यक सिमेन(वृय) तरल नाइट्रोजन र आवश्यक अन्य लजिस्टिक सामग्रीकोव्यस्थापन गरिनेछ साथै पशु पालक कृषकहरुलाइ स्थानीय स्तरमा उन्नत रागों , साढे रबोका वितरण गरी सो बाट प्रजनन गराइ नश्ल सुधार गरिनेछ । | प्राकृतिक तरिका बाट उन्नत नश्लको पशु प्रजनन गराउनुका साथै कृत्रिमतरिका बाट नश्ल सुधार गरि पशु विकास तथा दुध/मासुमा बृद्धि हुने | गाई ,भैसी, बाखा (बोका वितरण गर्दा व्यक्तिगत फर्ममा कम्तिमा २५ वटा माउ बाखाभएको हुनुपर्नेछ भने समुहमा बोका वितरण गर्दा प्रति सदस्य ५ वटा माउ बाखा भएको हुनुपर्नेछ। कम्तिमा १० जना सदस्य भएको समुह मा बोका वितरण गर्न सकिनेछ ) |
| ६ | पशु आहारा विकास कार्यक्रम | पशु आहारा विकास कार्यक्रम अन्तर्गत पशु पालका कृषकहरुलाई हरीयोघाँसमा आधारित पशु पालनमा प्रोत्साहन गरिनेछ । नियमित हरियो घाँस उत्पादनका लागिसिजना अनुसारका हिउँदे , बर्षे, बहुबर्षे घाँसका विउ , बेर्ना सेट तथा डालीघाँसका गोटा वितरण गरिनेछ | बाह्रै महिना हरियोघाँस उत्पादन गर्नेका लागि लागत सहभागितामा घाँसको विउ उपलब्ध हुनेछ । | पशुपालक कृषक लाई बोटा ,बिउ,बेर्ना बितरण |
| ७ | पशु पन्छी तथा पशु जन्य पदार्थको बजारिकरण | पशु पन्छी जन्यपदार्थको बजारीकरण कार्यक्रम अन्तर्गत यस गाउँपालिका लागयत अन्य सरोकारबालानिकायहरुमा नियमाअनुसारदर्ता भइसंचालनमा रहेका पशुजन्य उत्पादन दुध , फुल र मासुको विविधिकरण तथा बजारीकरण माटेवा पुग्ने खालका कार्क्रमहरु नीजि सहकारी साझेदारी अनुशार पचास/पचास प्रतिशतकोलागत सहभागीतामा संचालन गरिनेछ ।यस्ता कार्यक्रमहरु संचालन गर्नेका लागि एक्काईसवा तिस दिन अवधि सम्मको सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गरिनेछ । | पशुपन्छी आहारामा बिकास गर्न सकिने | यस्ता कार्यक्रमहरुसंचालन गर्नेका लागि एक्काईस वा तिस दिन अवधि सम्मको सूचना प्रकाशित गरीप्रस्ताव आह्वान गरिनेछ । |
| ८ | वंगुरपालन प्रवर्धन कार्यक्रम | फर्म,उद्यमी ले कम्तिमा ५ वटा माउ बंगुर पालन गर्न सक्ने वा गरेको लाई प्राथमिकता दिन सकिनेछ। तथा समुहमा प्रति सदस्य २ वटा माउ बंगुरपालन गर्न सक्ने वा पालन गर्दै आएको समुह लाई प्राथमिकता दिन सकिनेछ।<br>वंगुरपालन कृषकहरुलाई खोर निर्माण तथा सुधार, मेसनरी औजार, नश्लसुधार, औषधि तथा खोप , उन्नत तथा स्थानिय जातका बंगुरका पाठापाठी वितरण,क्षमता अभिवृद्धी कार्यक्रम संचालन गरिनेछ । | स्वरोजगार सिर्जना हुने,मासु उत्पादमा वृद्धि हुने | बंगुरपालन प्रवर्द्धन कार्यक्रम प्रयोजनका लागी खोर निर्माण कार्य पुरा गरी बंगुरपालन शुरु गर्न तयारी भएको किसान तथा समुह हुनुपर्ने।फर्मको लागी कम्तिमा ५ वटा माउ र समुहमा कम्तिमा प्रति सदस्यले २ वटा माउ बंगुरपालन गर्नु पर्नेछ।<br>(बंगुरका पाठापाठी वितरणमा १००%,भौतिक निर्माण तथा मेशिनरी समाग्रिमा ५०%,नश्ल सुधारमा ५०%,आहार व्यवस्थापनमा १०%अनुदान दिन सकिनेछ।) |

**बिभिन्नशिर्षकमा कार्यालय बाट प्रदान गरिने अनुदान प्रतिशत/अनुदान रकम**

| क्र.स. | अनुदान प्रदान गरिनेशिर्षकहरु | अनुदान प्रतिशत% | अधिकतम अनुदान प्रतिशत |
|---|---|---|---|
| १ | पशु नश्ल सुधार कार्यक्रम (साँढे,थुमा,बोका,राँगो) | ५०-१०० | लागत इष्टिमेट |

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | | |
|---|---|---|---|
| २ | घासँको बिउ,बोटा,सिलिप,सेट्स बितरण | ८० | तथा कार्यक्रम बजेट अनुसार |
| ३ | पशुपन्छी तथा मत्स्य सम्बन्धी ढुवानी | १०० | |
| ४ | पशूपन्छी खोर,गोठ सुधार,सुदृढिकरण,फर्म जैविक सुरक्षा | ५० | |
| ५ | मासु पसल सुधार,डेरी पसल सुधार सहयोग कार्यक्रम | ५० | |
| ६ | १५ हजार भन्दा कम पर्ने पशुपन्छी तथा मत्स्य सम्बन्धी औजार खरिद तथा बितरण (च्यापकटर,ड्रिकर,फिडर,काउ म्याट, आदी | ७५ | |
| ७ | पशुपन्छी तथा मत्स्य यान्त्रिकरणमा सहयोग | ५० | |
| ८ | महामारी जन्य पशु रोग नियन्त्रण,परजिवि नियन्त्रण कार्यक्रम | १०० | |
| ९ | मत्स्य पोखरी निर्माण कार्यक्रम | ५० | |
| १० | पशु आहारा विकास कार्यक्रम नर्सरी निर्माण | ७५ | |

## भागेश्वर गाउँपालिका

### कृषि शाखाको कार्यक्रम संचालन कार्यविधी

| सि.नं. | कार्यक्रमहरु | कार्यान्वयन विधी | हुन सक्ने उपलब्धी | सुचक |
|---|---|---|---|---|
| १ | मसला विकास कार्यक्रम | व्यवसायिक फर्म , कृषक समुह सहकारीबाट वैठकको निर्णय भई आएका व्यक्ती, समुह सहकारी भौगोलिक क्षेत्र अध्ययन गरी व्यवसायिक मसला खेती गर्ने इच्छुक कृषकलाई ५० % अनुदानमा मसला विउ वितरण तथा प्रविधी विस्तार | व्यवसायिक मसला खेती बाट कृषकको आयस्तर वृद्धी हुनुको साथै मसला वालीमा गाउपालिका आत्मनिर्भर बन्न आधार निर्माण हुने | एक क्लष्टरमा मसला खेती गर्नु पर्ने, कृषक, कृषक समुहको ५०% लगानी गर्न मन्जुरहुनु पर्ने,प्रगती विवरण पेश गर्नु पर्ने |
| २ | नियमित संचालन हुने कार्यक्रहरु( वाली कटानी,तरकारी मिनिकिट वितरण, कृषि विकास एलाईन्स बैठक) | गाउपालिकाबाट स्वीकृत कार्यक्रम संचालन तथा छनौट को लागी गा.पा. अध्यक्षता मा कृषि विकास समितिको वैठक बसी कार्यक्रम संचालन स्थल छनौट गरी वालीको उत्पादकत्व अवस्था पत्ता लगाउने, दुर्गम वस्तीहरु तिर तरकारी खेतीको विस्तार गर्नको लागी तरकारी मिनिकिट वितरण गर्ने | सन्तुलित किसिमले कार्यक्रम वाडफाड तथा उपलब्धी मापन हुने | निवेदन संकलन गर्ने , वैठक बसी कार्यक्रम वाडफाड गर्ने, सवै वडाहरुबाट तथ्याङ्क संकलन गर्ने |

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
समरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३ | कृषक क्षमता विकास तथा अभिवृद्धी कार्यक्रम | व्यवसायिक फर्म , कृषक समुह सहकारीबाट वैठकको निर्णय भई आएका व्यक्ती, समुह सहकारी भौगोलिक क्षेत्र अध्ययन गरी सम्भाव्य योजना तथा नविनतम प्रविधी विस्तार का लागी इच्छुक कृषकलाई मागको आधारमा तालिम प्रदान गरी क्षमता विकास गर्ने | कृषकहरुका खेतीपाती सम्बन्धी समस्या समाधानको लागी नविनतम प्रविधीको विस्तार भई उत्पादन र उत्पादकत्वमा वृद्धि हुने | कृषकहरु वाट निवेदन संकलन गरी तालिम संचालन गर्ने |
| ४ | ५०% अनुदानमा तरकारी विउ,कृषि सामग्री वितरण गर्ने | व्यवसायिक फर्म , कृषक समुह सहकारीबाट वैठकको निर्णय भई आएका व्यक्ती, समुह सहकारी भौगोलिक क्षेत्र अध्ययन गरी व्यवसायिक रुपमा खेती गर्ने इच्छुक कृषकलाई ५० % अनुदानमा आलु तरकारी मसला विउ,साना कृषि सामग्री र मौरीपालन सामग्री , मेटलविन वितरण तथा प्रविधी विस्तार | व्यवसायिक कृषकलाई ५०५ अनुदानमा सामग्री,विउ वितरण गरी कृषि व्यवसाय प्रती उत्प्रेरणा प्रदान गरि व्यवसायिकता तर्फ उन्मुख गराउने | कृषकहरु वाट निवेदन संकलन गरी कार्यक्रम संचालन गर्ने |
| ५ | साना सिचाई निर्माण मर्मत संभार<br>क) कुलो निर्माण<br>ख) प्लाष्टिक पोखरी<br>ग) सोइल सिमेन्ट पोखरी | तरकारी, फलफुल, खाद्यान्न वाली खेती गरेको क्षेत्रमा पानिको स्रोतको आधारमा कुलो निर्माण गर्ने, पानिको स्रोत खेर गएको संकलन गरी तरकारी फलफुल खेती पुर्वाधार निर्माण गर्ने | सिचाई अभाव भएको ठाउ सिचाई सुविधा विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धी गर्ने | कृषकहरु वाट निवेदन संकलन गरी कार्यक्रम संचालन गर्ने |
| ६ | वाली संरक्षण सेवा | गाउपालिका भित्रका कृषकहरुको खेतवारीमा देखिएका रोगकिरा नियन्त्रण तथा रोकथामको लागी किटनासक, ढुसिनासक , ट्र्याप, जैविक विषादी वितरण, महामारी क्षेत्रमा प्लान्ट क्लिनिक तथा आकस्मिक वालि संरक्षण कार्यक्रम संचलान गर्ने | कृषकको खेतवारीमा रोगकिरा वाट हुने क्षती न्युनिकरण गरी कृषि उत्पादन र उत्पादकत्व वढाउने | कृषकको सुचनानुसार क्षती ग्रस्त क्षेत्रमा कार्यक्रम संचालन गर्ने |
| ७ | कृषि यन्त्र वितरण ७५% अनुदानमा | कृषकहरुमा नया प्रविधीको विस्तार गरी कृषि कार्यमा सहजता तथा सरलता ल्याई कम श्रम र लागतमा वढी उत्पादन लिन ७५% अनुदानमा कृषि यन्त्र वितरण गर्ने | कृषकहरुलाई कृषि यन्त्र वितरण गरी कृषि कार्यमा सरल तथा सहजता , कम श्रम सिपको प्रयोग गरी वढि भन्दा बढी फाइदा लिने | कृषकहरु वाट निवेदन संकलन गरी कार्यक्रम संचालन गर्ने |

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ८ | वागवानी विकास कार्यक्रम हिउदे तथा वर्षे फलफुल वगान विस्तार ५०% अनुदानमा विरुवा वितरण | व्यवसायिक फर्म , कृषक समुह सहकारीबाट वैठकको निर्णय भई आएका व्यक्ती, समुह सहकारी भौगोलिक क्षेत्र अध्ययन गरी व्यवसायिक फलफुल खेती गर्ने इच्छुक कृषकलाई ५० % अनुदानमा फलफूल विरुवा वितरण तथा प्रविधी विस्तार | हिउदे तथा बर्खे फलफुल वगान विस्तार हुने, कृषकको आयमा वृद्धी हुने, कृषि पर्यटनको विकास हुनेछ | एक क्लष्टरमा मसला खेती गर्नु पर्ने, कृषक, कृषक समुहको ५०% लगानी गर्न मन्जुरहुनु पर्ने,प्रगती विवरण पेश गर्नु पर्ने |
| ९ | प्राङ्गारिक तरकारी खेती प्रवर्धन कार्यक्रम | व्यवसायिक फर्म , कृषक समुह सहकारीबाट वैठकको निर्णय भई आएका व्यक्ती, समुह सहकारी भौगोलिक क्षेत्र अध्ययन गरी व्यवसायिक प्राङ्गारिक तरकारी खेती गर्ने इच्छुक कृषकलाई भकारो सुधार कार्यक्रम अनुदान, वनस्पतिक विषादी निर्माण तालिम, जैविक विषादी , गडचौला मल वितरण | वढ्दो रसायनिक विषादी प्रयोग कार्य लाई न्युनिकरण गरी प्राङ्गारिक तरकारी खेती प्रवर्धन गरिनेछ | एक क्लष्टर तोकी व्यवसायिक रुपमा रसायनिक विषादि मुक्त तरकारी उतपादन गर्ने |
| १० | युवा लक्षित कार्यक्रम | व्यवसायिक तरकारी खेती तर्फ उन्मुख गर्नको लागी वेरोजगार युवाहरुलाई क्लष्टरमा कृषि सामग्री वितरण तथा रु ४०००० सम्म अनुदान दिने | वेरोजगारी समस्या समाधानको लागी युवाहरुलाई कृषि कार्यतिर अग्रसर गराउने | युवा लक्षित कार्यविधी अनुसार कार्यक्रम संचालन गर्ने |

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

परिच्छेद - ३

## अनुदान सहकार्य कार्यक्रम र पशु उत्पादन कार्यक्रमको छनौट प्रक्रिया तथा कार्यक्रम संचालन बिधि

### ५.१ व्यवस्थापन तथा प्राविधिक समिति

यस गाउँपालिकाबाट संचालन गरिने पशु सम्बन्धी कार्यक्रमलाई व्यवस्थित तबरले संचालन र कार्यान्वय गर्ने निम्न अनुसारको ९ सदस्यीय गाउँपालिका स्तरीय पशु विकास कार्यदल रहनेछ । साथै यस समितिमा आवश्यक परेमा जनप्रतिनिधि तथा सरोकारबाला ३ जना सम्म आमन्त्रीत गर्न सकिनेछ ।

अध्यक्षः गाउँपालिका प्रमुख(अध्यक्ष)
सदस्यः गाउँपलिका उपाध्यक्ष
सदस्यः प्रमुख प्रशासकीय अधिकृत
सदस्यः आर्थिक विकास समिति संयोजक
सदस्यः योजना शाखा प्रमुख
सदस्यः कृषि शाखा प्रमुख
सदस्यः प्रविधिक शाखा प्रमुख
सदस्यः लेखा शाखा प्रमुख
सदस्य सचिबः कृषि/पशु सेवा शाखा प्रमुख

### ५.२ अनुगमन तथा मुल्याङ्कन :

संचालीत कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन पालिका स्तरीय पशु विकास कार्यदल तथा अन्य सरोकारवालाहरु बाट गरिने छ

### ४.१ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

१. कार्यक्रमको कार्यक्षेत्र भागेश्वर गाउँपालिकाको सबै वडाहरुका कृषक, कृषक समुह, पशुपन्छी फम, कृषि समिति, कृषी सहकारी आदि

२. कार्यक्रम सञ्चालन भागेश्वर गाउँपालिकाले अनुसुची १ बमोजिम पन्ध्र/एक्काइस वा तिस दिनको म्याद राखी प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछ वा स्थानीय पत्रपत्रीका स्थानीय रेडियो एफ.एम र सामाजीक सञ्जाल, वेवसाइट बाट सूचना प्रवाह गरिनेछ ।

३. कृषक,कृषक समुह,समिति,फार्म,सहकारी संस्थाहरुले अनुसुची २ बमोजिम को संक्षिप्त कार्ययोजनाको प्रस्तावना सहित अनुसुची – ३ बमोजिमको ढाचाँमा निवेदन दिनुपर्नेछ।

४. प्रस्तावनामा कृषक, कृषक समुह, फाम, कृषि समिति, कृषि सहकारीहरुले शाखा वा बडामा प्रस्तावना रितपूर्वक तोकिएको समयावधि भित्र पेश गर्नु पर्नेछ ।

५. वडा कार्यालयमा वा शाखामा आएका आवेदनहरु शाखाले संकलन गर्नेछ ।

६. यसरी पर्न आएका संक्षिप्त कार्ययोजना प्रस्तावना सहितको मुल्याकंन अनुसुची – ४ बमोजिम हुनेछ।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...रकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

७. प्रस्ताव पेश गर्ने अनुदानग्राहीहरुको फल्ड अनुगमन सम्बन्धी स्तथलगत निरीक्षण शाखाका कर्मचारीहरुले गर्नेछ ।

८. बुदाँ नं ६ बमोजिम छनौट भएका कृषक, कृषक समुह, फाम, कृषि समिति, कृषि सहकारीहरुले अनुसुची – ५ बमोजिम सम्झौता हुनेछ।

**५.३ प्रचलित कानुन लागु हुने :**

पशु सेवा विकास कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित ऐन, कानुनमा (संघीय र प्रादेशिक ) उल्लेख भएको सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिमको कार्यान्वयन हुनेछ । साथै गाउँपालिका बाट यस अघि पशु सेवा विकास सम्वन्धि संचालन भए गरेका कार्यहरु समेत यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

**५.४ कार्यविधि संसोधन तथा परिमार्जन :**

गाउँकार्यपालिकाले यस कार्यविधिमा समय सापेक्ष आवश्यक परिमार्जन एवं गर्न सक्नेछ ।

## परिच्छेद - ४

## खारेजी र बचाउ

**खारेजी र बचाउ :** यस अघि का आ.ब हरुमा गाउँसभाबाट स्वीकृत पशु सेवा सम्बन्धी संचालन भएका कार्यहरु समेत यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय उग्रकोट, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसुचि -१

# कृषी तथा पशु सेवा कार्यक्रम संचालन सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मितिः**

आ.व. ................ को स्विकृत बार्षिक कार्यक्रम अनुसार "..........................................." बमोजिम तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक कृषक समुह/सहकारी संस्था/समितिहरुले यो सुचना प्रकाशित भएको मितिले .... औं दिन (.................) गते सम्म कार्यालय समय भित्र निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ।

कार्यक्रमहरु

१.

<u>आवश्यक कागजातहरु</u>

१. अनुसुची ३ बमोजिम सहकार्यका लागी रु. १० को हुलाक टिकट टासँ गरेको निवेदन।
२. अनुसुची २ बमोजिम तोकिएको संक्षिप्त ढाचाँमा तयार पारिएको प्राविधिक र आर्थिक प्रस्ताव।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस।
४. समुह,सहकारी संस्था वा समितिहरुले यस भागेश्वर गाउँपालिका तथा सम्बन्धित निकायमा दर्ता नविकरण गरको प्रमाणपत्रको प्रतिलिपी ।
५. कार्यक्रम संचालन वर्ष अघिको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
६. विगतमा अनुदान नपाएका सेवाग्राहीहरु लाई प्राथमिकता दिइनेछ ।

निवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाचाँ तथा कार्यक्रम संचालन प्रक्रिया यस भागेश्वर गाउँपालिकाको बेबसाट <u>www.bhageshwormun.gov.np</u> पनि डाउनलोड गर्न सकिने छ वा सम्बन्धित वडा कार्यालयबाट पनि प्राप्त गर्न सकिने छ। अन्य थप जानकारीका लागी फोन नं. ९७४८७२८०३९ / ९८२१६१५९६८ मा सम्पर्क अनुरोध गरिन्छ।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसुची – २
## संक्षिप्त कार्ययोजना

१. व्यवसायको परिचयः-
२. कार्यक्रम शुरु हुने मितिः-
३. कार्यक्रम सम्पन्न हुने मितिः-
४. लक्षित बर्ग र सम्भावित रोजगारीको विवरणः-
५. व्यवसायको आधारभुत विवरण

| क.स. | संचालित व्यवसायको नाम | व्यवसाय बाट उत्पादन हुने मुख्य मुख्य बस्तु | उत्पादन हुने बार्षिक परिमाण | बार्षिक कारिबार रकम | व्यवसाय बाट सिर्जित रोजगार विवरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. संचालन गरिने क्रियाकलाप र लागत साझेदारीको विवरणः

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | दर | जम्मा | लाभग्राही तर्फको साझेदारी रकम रु. | स्थानिय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

अनिसुचि - ३

हुलाक टिकट

## कार्यक्रम संचालनको लागी निवेदन पत्र

मिति
श्रीमान कार्यालय प्रमुख ज्यु।
भागेश्वर गाउँपालिका,डडेल्धुरा

बिषयः-

महोदय,
यस पालिकाको मिति .................. गतेको प्रकाशित सुचना अनुसार यस समुह/समिति/सहकारी संस्थाले ................................................................................ कार्यक्रम संचालन गर्न निम्नानुसारको कागजात सहित निवेदन गरेका छौं। कार्यक्रममा संचालनका लागी प्राप्त रकमको दुरुपयोग नगर्ने प्रतिबद्वता ब्यक्त गर्दछौ।
संलग्न कागजातहरुः

१. समुह/सहकारी/संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा कृषि/पशुपालन/दुग्ध व्यवसाय संचालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपिहरु
२. समुह/समिति/सहकारी संस्थाले कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि
३. समुह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली
४. वडा कार्यालयको सिफारिस

## अनुसुचि – ४

## मुल्यांकन सम्बन्धी

## लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रममा सहभागिताका लागी साझेदार छनौटका आधारहरु

समुहको नामः

ठेगानाः

समुहको अध्यक्षको नामः

सम्पर्क नं.

| | मुल्यांकन गर्ने आधारहरु | अधिकतम पुर्णाङ्क | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानको उपयुत्तता (सामाजिक,भौगोलिक एवं वातावणीय दृष्टिकोणले सम्भाव्यता) | ५ | | |
| २ | पुर्वाधार विकास एवं विकासका संम्भावनाहरु | ५ | | |
| ३ | आवेदक समुह/सहकारीका कम्तिमा पनि आधा सदस्यले हाल सम्म पनि पशुपालन गरिरहेको भए | १० | | |
| ४ | बजार तथा बजारिकरणको सहजकता | १५ | | |
| ५ | विगत २ बर्ष देखी पशुपालन व्यवसाय (दर्तावाल) गरिएको भए | १५ | | |
| ६ | १ बर्ष वा सो भन्दा कम भए | १० | | |
| ७ | पेश गरको संक्षिप्त कार्ययोजना र कार्ययोजनामा प्रस्ताव गरको साझेदारी रकम | १० | | |
| ८ | जैविक सुरक्षा तथा वातावरणिय अवस्था | ५ | | |
| ९ | समुह समिति सहकारीमा रहेका दलित जनजाति तथा सिमान्तकृत कृषकहरु,बिदेशबाट फर्किएका युवाहरुको संख्या | १५ | | |
| | जम्मा प्रासाङ्क | १०० | | |

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसुचि – ५

## द्विपक्षिय सम्झौता पत्र

भागेश्वर गाउँपलिकाको आर्थिक बर्ष ................ को स्विकृत बार्षिक कार्यक्रम अनुसार ............................................. कार्यक्रम संचालन गर्न भागेश्वर गाउँपालिकाको कार्यालय , बगरकोट (यसपछी प्रथम पक्ष भनिने), र श्री ........................................................................ ......................... ( यसपछि दोस्रो पक्ष भनिने ) बिच तपशिल बमोजिमका शर्तहरु परिपालन गर्ने गरि त्रिपक्षिय सम्झौता गरी दियौं/लियौं।

तपशिल

१. प्रथम पक्ष .............................. कार्यक्रमको लागि विनियोजित रु. ...............।- मध्ये दोस्रो पक्षसगँ रू. ............................. बराबरको रकम साझेदारी गर्नेछ।

२. दोस्रो पक्षले साझेदारी बाफतको बाँकी रकमको व्यवस्था गरी डडेल्धुरा जिल्ला भागेश्वर गाउँपालिका नं. वडाको ............................. भन्ने स्थानमा यसै आर्थिक बर्षको असार महिनाको १५ गते सम्ममा कार्यक्रम सम्पन्न गर्नुपर्नेछ।

३. दोस्रो पक्षले प्रथम र दोस्रो पक्ष समक्ष पेश गरेको स्विकृत संक्षिप्त कार्ययोजना बमोजिमका सम्पुर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रहि सम्पन्न गर्नेछ।

४. कार्यक्रम संचालनका लागी आवश्यक निर्माण सम्बन्धि डिजाइन,इष्टिमेट,सुपरभिजन,बिल भर्पाइ र कार्य सम्पन्न प्रतिबेदन लगायतका कार्यहरु तथा निर्माण,खरिद,ढुवानि,संचालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानिबाट सम्पन्न भएको कामको नियमानुसारको बिल भर्पाइ,कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानिका लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधरमा मनासिव ठहरे प्रथम पक्षले बैंक खातामा एकमुष्ठ भुक्तानि दिनेछ।

६. मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदन को आधारमा मनासिव ठहरे दुई बराबर किस्ता वा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्ता समेत साझेदारी रकमको भुक्तानि बैंक खाता मार्फत गर्नेछ। कार्यक्रम सम्बन्धी प्राविधिक सेवा टेवा समन्वय र सहजिकरण प्रथम पक्षले गर्नु पर्नेछ।

७. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चात को संचालन मर्मत सम्भार व्यवस्थापन,जोखिम र दिगोपनाका लागी गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा श्रजित सबै प्रकारका दायित्व र जिम्वेवारी दोस्रो पक्षको हुनेछ।

९. दोस्रो पक्षले चौमासिक रुपमा कार्यक्रमको प्रगति उपलब्धि एवं कारोवार सम्बन्धी विवरण हरु स्थानिय तहको पशु सेवा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. कार्यक्रम संचालनको क्रममा कुनै बिबाद आएमा दुबै पक्षको आपसि समझदारीमा समाधान गरिने छ।

११. प्रस्तावित कार्यक्रम संचालन गरिएको स्थानमा सहयोगि निकायको नाम सहित विस्तृत विवरण उल्लेख गरि दोश्रो पक्षले अनिवार्य बोर्ड राख्नु पर्ने छ ।

१२. खरिद भएका पशु बस्तुहरुको अनिवार्य रुपमा बिमा गर्नुपर्ने छ।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पद |
| कार्यालयः | कार्यालयः |
| संस्थाको छापः | छाप |
| छापः | |

रहोबर

हस्ताक्षर

नामः

पदः

इति सम्बत ........................... साल ........................ महिना ..........गते रोज ............ शुभम् ।

आज्ञाले

हर्ष बहादुर रोका

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका